# स्वशासन अध्ययन प्रतिष्ठानको पन्ध्रौं साधारण सभा, २०७६ मा

## कार्यबाहक अध्यक्ष श्री पद्मा माथेमाको तर्फवाट सचिव तथा निर्देशक श्री विनोदप्रसाद ढकालद्वारा प्रस्तुत आ व २०७५/७६ को कार्यप्रगति तथा आ व २०७६/७७ को नीति तथा कार्यक्रम

आदरणीय अध्यक्षज्यू तथा सदस्यज्यूहरु

प्रतिष्ठानका कार्यबाहक अध्यक्षको तर्फवाट प्रतिष्ठानको बार्षिक नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

सर्वप्रथमः स्वशासन अध्ययन प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री बंशिधर घिमिरेको असमायिक निधनवाट प्रतिष्ठानलाई अपुरणीय क्षति पुग्न गएको यस क्षणमा उहाँ लगायत सम्वन्धितप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

प्रतिष्ठानको पन्ध्रौं साधारण सभामा कार्यवाहक अध्यक्षको हैसियतमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा यहाहरु सबै प्रति आभार व्यक्त गर्दछु ।

स्थानीय स्वायत्त शासनका विविध पक्षहरुमा कार्यमूलक अध्ययन, अनुसन्धान गर्दै आएको स्वशासन अध्ययन प्रतिष्ठान हाल १४ वर्ष पुरा गरी पन्ध्रौ वर्षमा प्रवेश गरेको छ । नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिप्रेरित भई स्थानीय स्वायत्त शासन पद्धतिका मूलभूत आधारहरुको प्रवर्द्धन गर्दै स्थानीय विकास प्रक्रियामा सघाउ पुग्ने गरी विगत चौध वर्षदेखि यस प्रतिष्ठानले काम गर्दै आएको छ । यस अवधिमा प्राप्त अवसरको उपयोग गर्दै आफ्नो लक्ष्य प्राप्तिमा लागिपरेको प्रतिष्ठान स्थानीय स्वायत्त शासनको क्षेत्रमा काम गर्ने नेपालको एक विशिष्टीकृत संस्थाको रुपमा स्थापित भैसकेको छ ।

विकेन्द्रीकरण र स्थानीय शासन सम्बन्धी नीति, रणनीति, कार्यविधि तयारी, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा स्थानीय तहका सरकारहरुसंग सहकार्य गरिरहेको प्रतिष्ठानले आफ्ना गतिविधिहरु प्रभावकारी रुपमा संचालन गर्दै आएको छ । पछिल्ला दिनहरुमा प्रतिष्ठान नेपालको संघीय शासन पद्धतिलाई सुदृढ गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुदै आएको छ ।

नेपालको संविधानले तिन तहका सरकारको व्यवस्था गरेको छ । सबैका अलग अलग कार्यहरु तोकिएका छन् । केही अधिकारहरु साझा सूचिमा राखिएका छन् । कतिपय अधिकार क्षेत्रका विषयहरुलाई कानूनद्वारा

परिभाषित गर्नुपर्ने देखिएको छ । यस्ता कतिपय काम पुरा भैनसकेको हालको अवस्थामा संघ तथा प्रदेश र स्थानीय तहविच केही विषयमा विवाद समेत रहेको देखिन्छ । अर्कोतर्फ कर्मचारी व्यवस्थापनको विषय पेचिलो बन्दै गएको छ । प्रदेश र स्थानीय तहहरुमा कर्मचारिको उचीत व्यवस्थापन हुन नसक्दा सार्वजनिक सेवा प्रभावित भएको गुनासो आउने गरेको छ । यस्तै स्थानीय स्रोत तथा अन्तरसरकारी वित्त व्यवस्थापनका पक्षमा सुधार गर्नुपर्ने देखिएको छ । सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको पाटो समेत कमजोर रहेको देखिएको छ । प्रदेश र स्थानीय तहवाट प्रदान गरिने सेवा प्रभावकारी हुन नसकेको गुनासो आईरहेको वर्तमान परिवेशमा तिनै तहका सरकारहरुले आफ्नो कार्यक्षमतामा सुधार ल्याउन आवश्यक देखिन्छ । संघीय शासनका कतिपय विषयमा प्राविधिक स्पष्टता र स्वतन्त्र विचारको आवश्यकता महशुस भएको छ । यसर्थ आगामि दिनमा प्रतिष्ठानले यस्ता विषयहरुमा ध्यान दिनु पर्ने हुन्छ । यस्ता सवालहरुलाई अवसरको रुपमा लिई स्वशासन अध्ययन प्रतिष्ठानले आफ्नो भूमिका विस्तार गर्न सक्नेछ ।

**<u>सदस्यज्यूहरु</u>**

अव म प्रतिष्ठानले गत आ. व. २०७५/७६ मा सम्पन्न गरेका कार्यहरुको संक्षिप्त रुप पेश गर्ने अनुमति चाहन्छु ।

## (१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीति तर्जुमा

राज्यबाट उपलब्ध भएको अधिकार एवम् स्रोतको दुरूपयोग नियन्त्रण गरी मुलुकमा सामाजिक तथा आर्थिक न्याय र सम्वृद्धि कायम गर्नका लागि नेपालको संविधान को धारा २३८ र २३९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले पद अनुसारको आचरण नगरि सेवा श्रृजना वा सेवा प्रवाह अवरुद्ध हुदा नागरिक वा राज्यलाई पर्ने हानि नोक्सानी हुनु भनेको पनि अख्तियारको दुरूपयोगनै हो । यस प्रकार भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात एवं अभियोजन गर्न तथा अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा मुद्दा दायर गर्न/गराउन सक्ने संवैधानिक व्यवस्था रहेको छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा संविधानमा उल्लेख भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना कालदेखि नै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मक (दण्डात्मक), निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूलाई निरन्तरता दिँदै सार्वजनिक सरोकारका अन्य बेथिति उपर छानबिन गरी अनुसन्धानको दायरामा ल्याउने र स्वेच्छाचारी ढंगले

अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न खोज्ने उपरको निगरानी, खबरदारी र कारबाहीलाई सशक्त बनाउने कार्यमा निरन्तर लागि परेको छ । भ्रष्टाचार विरुद्ध आफ्नो संस्थागत क्रियाकलापहरु सञ्चालन गर्न आयोगले संस्थागत रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ । यसलाई निरन्तरता दिदै आयोगको संस्थागत रणनीति (२०७६/७७-२०८०/८१) तर्जुमा गरिएको छ । यस कार्यमा स्वशासन अध्ययन प्रतिष्ठानले आयोगलाई प्राविधिक सहयोग उपलव्ध गराएको थियो । रणनीतिक योजनाले आयोगको उद्देश्य स्पष्ट गर्नाको साथै अपेक्षित नतिजा र नतिजा मापनका सूचकहरु समेत निश्चित गरेको छ ।

## (२) सामाजिक सुरक्षा कोषको संगठन विकास अध्ययन

योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न "योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४" कार्यान्वयनमा ल्याईएको छ । ऐनको दफा २६ ले सामाजिक सुरक्षाको सञ्चालन र व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको व्यवस्था गरेको छ । कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यो कोष आवर्ती कोष (रिभल्विङ फण्ड) को रूपमा रहनेछ । कोषको तर्फबाट सम्पादन गर्नु पर्ने काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि एक संचालक समिति गठन भएको छ । यस समितिले सामाजिक सुरक्षा योजना सम्बन्धी नीति तर्जुमा गर्ने, सामाजिक सुरक्षा सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने, सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने, बेरोजगारी सुविधा पाउने श्रमशक्तिलाई शीघ्र रोजगारी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरु गर्नेछ ।

आफ्नो कार्य संचालनका लागि कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने र आवश्यकता अनुसार नेपाल भित्र जुनसुकै ठाउँमा आफ्नो शाखा कार्यालय खोल्न सक्ने व्यवस्था ऐनले गरेको छ । यसै परिप्रेक्षमा सामाजिक सुरक्षा कोष सम्बन्धी नीति, ऐन, नियमावली र अभ्यासहरु को अध्ययन विश्लेषण गरी सामाजिक सुरक्षा कोषको संगठन संरचना के कस्तो रहनु पर्ला भनि स्वशासन अध्ययन प्रतिष्ठानले सुझाव सहितको संगठन विकास अध्ययन प्रतिवेदन तयार गरेको छ । यो प्रतिवेदनलाई कोषले कार्यान्वयनमा ल्याएको छ ।

## (३) परिवर्तन परियोजना कार्यान्वयन

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको छ । नेपालको राज्य शक्तिको प्रयोग तीनै तह वाट संविधान तथा कानून बमोजिम हुने व्यवस्था गरिएको छ । यस व्यवस्था अनुसार राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरी तीनै तहको एकल र साझा अधिकार किटान गरेको छ । तीनैवटा सरकारले संविधान र कानूनको सीमाभित्र रहि

अधिकारक्षेत्रको स्वायत्त रुपमा प्रयोग गर्ने जिम्मेवारी निर्धारण गरेको छ । यस प्रक्रियामा नागरिक सहभागिता अनिवार्य रहेको छ । स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न सकेमा मात्र सार्वजनिक सेवा प्रवाहको अवस्था र गुणस्तरमा सुधार भै अपेक्षित उपलव्धि हासिल गर्न सकिन्छ । यस परिवेशमा परिवर्तन (PARticipation, Inclusion and Wider CSO's Actions for Responsive Transparent and Accountable local governance in Nepal/PARIWARTAN) परियोजना संचालन गरिएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा डिसिए नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS) काठमाडौं, मालिका विकास संस्था (MDO) अछाम र समता विकास केन्द्र (EDC) डोटी को साझेदारीमा यो परियोजना संचालन भैरहेको छ । अछामका २ नगरपालिका र १ गाउँपालिका तथा डोटीको १ नगरपालिका र २ गाउँपालिकामा[1] संचालित यस परियोजनाले नेपालको संघीय संरचना अनुसार स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । सन् २०१९ देखि २०२२ सम्म संचालन हुने यस परियोजनाले देहाय वमोजिमको नतिजा हासिल गर्ने अपेक्षा गरेको छः

- लक्षित वर्ग, नागरिक सामाज संस्था र स्थानीय तहको क्षमता विकास भै जवाफदेही शासन पद्धति स्थापना हुने
- स्थानीय तहको नीति, योजना र कार्यक्रममा लक्षित वर्गको माग र आवश्यकता सम्वोधन भएको देखिने
- प्रभावकारी अनुगमन, मूल्यांकन पद्धतिको विकास भै सेवा प्रवाह सरल हुने
- प्रदेश सरकार र स्थानीय तह विचको समन्वय विकास गरी साझा नीति तथा कार्यक्रम तर्जुमा हुने ।

## (४) सुशासन पाठशाला संचालन

संघीय शासन हामि सबैको लागि एक नयाँ अनुभवको रुपमा रहेको हुदा अपेक्षित नतिजा हासिल गर्न थुप्रै चुनौतीहरु रहेका छन् । परिवर्तित प्रणालीका बारेमा जनप्रतिनिधि र आम नागरिकहरुको वुझाईमा एक रुपता आएको देखिदैन । यसले समग्र शासन व्यवस्थामा असर पुऱ्याएको छ । यसर्थ संघीय शासन प्रणालीका वारेमा आवश्यक जानकारी गराई स्थानीय तहको निर्णय प्रक्रियामा नागरिक सहभागिता वृद्धि गर्ने र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सघाउ पुऱ्याउने उद्देश्यले सुदुरपश्चिम प्रदेशको डोटी र अछाम जिल्लाका ६ वटा स्थानीय तहमा परिबर्तन परियोजना संचालन गरिएको छ ।

जवाफदेही शासन पद्धतिको विकास गर्न महिला, विपन्न तथा सीमान्तकृत वर्ग लगायत आम नागरिकको क्षमता विकास गरी स्थानीय शासन प्रक्रियामा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु आवश्यक छ ।

[1] जोरायल गाउँपालिका, के. आई. सिंह गाउँपालिका, शिखर नगरपालिका, डोटी र चौरपाटी गाउँपालिका, मंगलसेन नगरपालिका, पञ्चदेवल विनायक नगरपालिका, अछाम

यस्तो कार्य कसरी सम्भव छ भनि वुझ्न र वुझाउनको लागि प्रतिष्ठानको प्राविधिक सहयोगमा संचालित परिवर्तन परियोजनाले स्थानीयस्तरमा सुशासन पाठशाला संचालन गर्ने व्यवस्था गरेको छ । सुशासन पाठशालाका सहभागिहरुलाई नेपालको संघीय संरचना, स्थानीय शासन, नागरिक सहभागिता र सामाजिक जवाफदेहिताका विधिहरुको वारेमा जानकार गराईन्छ । यसवाट स्रोत साधनमा नागरिकको पहुँच वढाउन सहयोग पुग्दछ । पाठशालामा भएको सिकाई महिला, विपन्न र सीमान्तकृत वर्गको सीप, दक्षता र क्षमता विकासमा समेत सहयोगी हुनेछ । यसले सार्वजनिक सेवा प्रवाहमा समेत सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्दछ ।

सुशासन पाठशाला संचालन र सहजीकरणका लागि स्थानीय सहजकर्ता, सामाजिक परिचालक र परियोजनाका सम्बन्धित कर्मचारीहरुको लागि प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको छ । प्रतिष्ठानको प्राविधिक सहयोग र स्थानीय साझेदार संस्थाहरु (मालिका विकास संस्था, अछाम र सम विकास केन्द्र, डोटी) को आयोजनामा २०७६/०३/२६-२८ अछाम र २०७६/०३/२९-३१ डोटीमा संचालित यस तालिमवाट जम्मा ६२ जना (अछाममा २७ र डोटीमा ३५ जना) सहजकर्ता (प्रशिक्षक) तयार गरिएका छन् । यी सहजकर्ताहरुले परियोजना लागु भएका ६ वटा स्थानीय तहहरुमा सुशासन पाठशाला संचालन र सहजीकरण गर्नेछन् । यस्ता पाठशालाहरु नागरिक समाज संस्थाका सदस्यहरुको क्षमता विकासमा सहयोगी भै स्थानीय शासन पद्धतिमा नागरिक सहभागिता वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## (५) क्यालेण्डर प्रकाशन

प्रतिष्ठानले विगतदेखि गर्दै आएको क्यालेण्डर प्रकाशनलाई यस वर्षपनि निरन्तरता दिई वि.सं. २०७६ को टेवुल क्यालेण्डर प्रकाशन तथा वितरण गरेको छ ।

## (६) स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुमा सहभागिता

स्थानीय निकायका संघ महासंघ र प्रतिष्ठानको कार्य संग मेलखाने निकायहरुले आयोजना गर्ने स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुमा प्रतिष्ठानको सहभागिता रहदै आएको छ । यस विचमा नेपाल नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपाल र नेपाल सरकारका विभिन्न निकायहरुले आयोजना गरेका कार्यक्रमहरुमा प्रतिष्ठानका सदस्यहरुको सहभागिता रहेको छ । प्रतिष्ठान स्थानीय शासन सम्बन्धी प्रयास र संजाल (LOGIN-Asia) को सदस्य रहेको छ । संजालको विकास र विस्तारका लागि प्रतिष्ठानको सक्रिय भूमिका रहेको छ ।

## (७) स्वायत्त शासन पत्रिका प्रकाशन

प्रतिष्ठानले विगत २०६२/६३ देखि प्रकाशन प्रारम्भ भएको स्वायत्त शासन वुलेटीनको प्रकाशनलाई निरन्तरता दिईएको छ । स्थानीय तहको शासन पद्धतिमा सुधार ल्याउन सहयोग पुग्ने किसिमका लेख, रचनाहरु समावेश गरि प्रकाशित हुदै आएको यस पत्रिका स्थानीय शासनमा चासो राख्ने जो कोहीलाई

समेत उपयोगी हुने गरेको छ । आ.व. २०७५/७६ मा २ वटा अंक प्रकाशित भएको छ । प्रतिष्ठानले आफ्नो प्रकाशन केन्द्र देखि स्थानीयतह सम्म वितरण गर्ने लक्ष्यका साथ काम गरिरहेको छ ।

## (८) ईनलोगस प्रा.लि.संगको सहकार्य

आफ्नो उद्देश्य र क्रियाकलाप संग मेल खाने संस्थाहरुसंग सहकार्य गर्ने नीति वमोजिम स्वशासन अध्ययन प्रतिष्ठानले ईनलोगस प्रा.लि. संग सहकार्य गर्दै आएको छ । यसै नीति अनुरुप आ.व. २०७५/७६ मा राष्ट्रिय दुग्ध विकास बोर्डसंगको सहकार्यमा नेपालमा दुग्ध पदार्थ उत्पादन, उत्पादित वस्तुको गुणस्तर र व्यवस्थापकीय तथा वित्तीय कार्य सम्पादनमा आधारित भइ दुग्ध उद्योगहरूमा संलग्न जनशक्ति लेखाजोखा सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ ।

**प्रतिष्ठानमा हाल चालु रहेको कार्यक्रमः** परिवर्तन परियोजना

आदरणीय सदस्यज्यूहरु

अव म प्रतिष्ठानले अवलम्वन गर्ने नीतिहरु यस प्रकार प्रस्ताव गर्न चाहन्छु:

१) आवश्यकता अनुसार स्थानीय तथा राष्ट्रिय सरोकारका विषयहरुमा अध्ययन, अनुसन्धान, अन्तरक्रिया गरी सरकारलाई पृष्ठपोषण गर्ने नीतिलाई निरन्तरता दिने ।

२) प्रतिष्ठानले सम्वन्ध विकास, साझेदारी, समन्वय र प्रतिष्पर्धाका आधारमा कार्यक्रमहरु खोज गरी कार्यान्वयन गर्ने नीति अनुरुप कार्य गर्दै आएकोमा चालु आवमा पनि यसलाई निरन्तरता दिने ।

३) प्रतिष्ठानका गतिविधि संग सम्वन्ध राख्ने वा यस्तै प्रकारका कार्य गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्था र निकायहरु संग समन्वय, सञ्जाल र सहकार्य गर्ने नीति लाई निरन्तरता दिने ।

४) प्रकाशनका माध्यमद्वारा सुचना जानकारी र तथ्य तथ्यांकहरु सार्वजनिक गर्दै जाने नीति अनुरुप त्रैमासिक रुपमा प्रकाशन गरिएको स्वायत्त शासन वुलेटीनको प्रकाशनलाई निरन्तरता दिने ।

५) मुलुकको वदलिदो परिवेश अनुसार संघीय शासन पद्धतिलाई संस्थागत गर्ने प्रक्रियामा प्रतिष्ठानको सहयोग रहने ।

६) स्थानीय तह र संघ तथा प्रदेश तहका सरकारहरुको क्षमता विकास लगायतका कार्यहरुमा सहयोग र साझेदारी गर्ने नीतिलाई प्राथमिकतामा राख्ने ।

७)	प्रतिष्ठानको संस्थागत क्षमता विकासमा समेत सहयोग पुग्ने गरी समावेशी नीति अनुरुप विश्वविद्यायलका युवा विद्यार्थी लगायत युवा जनशक्ति परिचालन गर्ने नीति अवलम्वन गर्ने ।

८)	समावेशी नीति अनुरुप केही सदस्य थप गर्ने प्रयास जारी राख्ने ।

आदरणीय सदस्यज्यूहरु

आ.व. २०७६/७७ का लागि देहाय वमोजिम प्रस्ताव गरिएका कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छुः

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | स्थानीय तहको संस्थागत क्षमता र शासन पद्धति सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम | विकास साझेदाहरुसंगको सहयोगमा सञ्चालन गरिने । |
| २ | स्थानीय शासन सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम | प्रतिस्पर्धा र संझौताका आधारमा हुने । |
| ३ | स्वायत्त शासन पत्रिका प्रकाशन | प्रतिष्ठानको कोषवाट खर्च हुने । |
| ४ | संघीय शासन व्यवस्था र स्थानीय शासन पद्धतिको सुदृढीकरणमा टेवा पुग्नेगरी प्रतिष्ठानको कार्यक्षेत्र भित्रका विषयहरुमा प्रतिष्ठानको संस्थागत धारणा व्यक्त गर्ने प्रयोजनका लागि Policy Dialogue सम्बन्धी बैठक/गोष्ठी/सेमिनारको आयोजना गर्ने । | प्रतिष्ठानको कोषवाट खर्च हुने । केन्द्रस्तरमा वार्षिक ४ पटक गर्ने |
| ५ | दीगो विकास लक्ष्यको स्थानीयकरण गर्न सहयोग पुग्नेगरी अनुगमन म्यानुअल तयार गर्ने । यसको नमुना अभ्यास गर्ने । नमुना अभ्यासवाट भएका सिकाईलाई आधार मान्दै दीगो विकास लक्ष्यको स्थानीयकरण गरी सो को अवलम्वन र आन्तरिकीकरण गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने । | प्रतिष्ठानको कोषवाट खर्च हुने गरी १ पटक गर्ने । |
| ६ | स्थानीय तहको राजश्व पहिचान र परिचालन सम्बन्धी म्यानुअल तयार गरी यसको प्रयोग गर्न प्रोत्साहन गर्ने । | प्रतिष्ठानको कोषवाट खर्च हुने गरी १ पटक गर्ने । |
| ७ | क्यालेण्डर छपाई | प्रतिष्ठानको कोषवाट खर्च हुने वार्षिक प्रकाशन |
| ८ | प्रतिष्ठानको प्रगति प्रतिवेदन E-Copy तयारी | वार्षिक प्रकाशन |
| ९ | स्थानीय तहसंगको साझेदारीमा संचालन हुने कार्यक्रम | साझेदारी कार्यक्रम |
| १० | LOGIN लगायतका अन्तराष्ट्रिय र राष्ट्रिय संस्था/संगठन संगको सहकार्य र सहभागिता | प्रतिष्ठान लगईन-एसियाको सदस्य रहेकोमा यसलाई निरन्तरता दिने । |

आदरणीय सदस्यज्यूहरु

माथि उल्लिखित कार्यक्रमका अलावा स्थानीय शासनको प्रवर्द्धन सम्बन्धी अन्तराष्ट्रियस्तरको तालिम/गोष्ठी/अवलोकन भ्रमण गर्न सकिने सम्भावनाका बारेमा यहाँहरुको सुझाव अपेक्षाकृत छ ।

प्रस्तुत प्रतिवेदन सदस्यज्यूहरुको फाइलमा राखिएको छ । प्रतिवेदनका विषयहरु माथि छलफल गरी प्रतिष्ठानको आ व २०७५/७६ को कार्य प्रगति र आ व २०७६/७७ को प्रस्तावित नीति तथा कार्यक्रम पारित गरिदिनहुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमाः

प्रतिष्ठानको गतिविधिमा सहयोग र समन्वय गर्ने सरकारी तथा गैर सरकारी संघ संस्था, तिनका पदाधिकारी, विकास साझेदार, अन्तराष्ट्रिय संजाल, प्रतिष्ठानका सदस्य, विज्ञ, परामर्शदाता, कर्मचारी, तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण सबैलाई प्रतिष्ठानको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।
२०७६ असोज १३ गते सोमवार
बानेश्वर, काठमाडौं ।